कालिमाटी गाउँपालिका गाउँकार्यापालिकाको कार्यालय,

रामपुर सल्यान, कर्णाली प्रदेश

# पोषणको स्थिति तथा वस्तुगत विवरण


# (Nutrition Status and Profile)

आ व २०८०/०८१

कालिमाटी गाउँपालिकाको कार्यालय

रामपुर सल्यान ।

# स्थानीय तहको सामाजिक नक्सा



## १. भूमिका र मन्तव्य -

### मन्तव्य

कालिमाटी गाउँपालिका आफ्ना नागरिकको पोषण स्थिति सुधारका लागि सदैव प्रतिबद्ध छ ।कालिमाटी गाउँपालिकाले विनियोजन गर्ने योजना तथा कार्यक्रममा पोषणलाई उच्च प्राथमिकता दिदै आएको छ ।नेपालको संविधानमा स्वास्थ्य र खाद्य सुरक्षासम्बन्धि हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिए बमोजिम हाम्रा नीती तथा कार्यक्रममा पनि उक्त विषयलाई सम्बोधन गर्ने हरसम्भव प्रयास गरिएका छन ।पोषणको अवस्था सुधार गर्न विभिन्न क्षेत्रको संयुक्त प्रयास आवश्यक पर्ने र सोही बमोजिम कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

बहुक्षेत्रीय पोषण योजनाको बुझाइमा एकरुपता ल्याउन एवम् स्वामित्व तथा नतिजाप्रतिको उत्तरदायित्व बढाउन संस्थागत सुधार तथा मानब संसाधनको क्षमता विकासको लागि उच्च प्रतिवद्धताका साथ थप कार्यहरु गर्नुपर्ने देखिन्छ ।पोषण सुधारका लागि सवै पक्षले एकिकृत प्रयास गरी प्रभावकारी नतिजा हासिल गर्न, योजना तथा कार्यक्रममा हुने दोहोरोपन हटाई अनुगमन तथा मूल्याङ्कनलाई सुदृढ र सहज बनाउन एकद्वार प्रणालिबाट स्रोत परिचालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।यस्तै पोषण सुधारका लागि भएको लगानी तथा खर्चलाई यकिन गर्नुपर्ने हुन्छ ।सो कार्यमा संघ, प्रदेश र स्थानीय सरकारले समन्वय तथा सहकार्य गरेर काम गर्नु पर्ने हुन्छ ।

कालिमाटी गाउँपालिकाले बुहुक्षेत्रीय पोषणको क्षेत्रमा काम गर्दै गर्दा कालिमाटी गाउँपालिकाको वडा नं. ५ लाई छनौट गरी उक्त वडामा चरणबद्ध कार्यक्रमहरु सञ्चालन गरि उक्त वडाको स्वास्थ्य संस्था तथा वडालाई पोषणमैत्री वडा घोषणा गर्न पुरा गर्नुपर्ने सवै जसो सूचकहरु पुरा भएको देखिन्छ ।सूचकहरु पुरा गर्न सहयोग पुर्‍याउने जनप्रतिनिधिहरु, विषयगत शाखाका शाखा प्रमुखहरु तथा कार्मचारी, समाजसेवी, बुद्धिजिवी, शिक्षक, राजनीतिक दलका पदाधिकारी साथै उक्त वडालाई पोषणमैत्री वडा घोषण गर्नुपर्छ भन्ने भावनाका साथ काम गर्नुहुने कालिमाटी गाउँपालिका वडा नं. ५ निवासी आम नागरिकमा हार्दिक आभार प्रकट गर्दछु ।साथै आगामी दिनहरुमा समेत उक्त वडामा प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्न आवश्यक स्रोत र साधनको कमी हुन नदिने प्रतिबद्धता व्यक्त गर्दछु ।

दान बहादुर खत्री के.सी  
अध्यक्ष  
कालिमाटी गाउँपालिका

# मन्तव्य

नेपालको संविधानमा स्वास्थ्य र खाद्य सुरक्षासम्बन्धि हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेपनि उक्त मौलिक हकको व्यवस्थालाई कार्यान्वय गर्ने उचित कानुन बन्नमा ढिलाई हुँदा संविधान प्रदत्त हक अधिकारलाई समेत नागरिकले उपभोग गर्न नपाएको बर्तमाण अवस्थामा बुहुक्षेत्रीय पोषणको कार्यक्रमले उक्त नागरिकको मौलिक हकलाई केहि हदसम्म सम्बोधन गर्ने देखिन्छ ।यसै सन्दर्भमा कालिमाटी गाउँपालिकाले आफ्ना योजना तथा कार्यक्रममा पोषणलाई उच्च प्राथमिकता दिदै आएको छ ।हाम्रा नीती तथा कार्यक्रमहरु पनि पोषणमैत्री बनाउने हरसम्भव प्रयास गरिएका छन ।

बहुक्षेत्रीय पोषण योजनाले पोषणयुक्त आहारको उपलब्धता, गणस्तरीय पोषण सेवा प्रवाह,पोषणयुक्त व्यवहारको अवलम्बनको लागि खाद्य प्रणाली, स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई तथा स्वच्छता प्रणाली र सामाजिक सुरक्षालाई थप सुदृढ गर्नुपर्ने देखिन्छ ।विभिन्न वर्ग, समुदाय तथा क्षेत्रमा देखिएको असमान पोषण अवस्थालाई सम्वोधन गर्नु कालिमाटी गाउँपालिकाको आजको आवश्यकता हो । सो क्षेत्रमा काम गर्दा सवै पक्षको सहभागिता तथा समन्वय आवश्यक देखिन्छ ।

हामीले बुहुक्षेत्रीय पोषणको क्षेत्रमा काम गर्दै गर्दा कालिमाटी गाउँपालिकाको वडा नं. ५ लाई छनौट गरी वडामा चरणबद्ध कार्यक्रमहरु सञ्चालन गरि उक्त वडाको स्वास्थ्य संस्था तथा वडालाई पोषणमैत्री वडा घोषणा गर्न सवै पक्ष सँग सहकार्य गरी पुरा गर्नुपर्ने सूचकहरु पुरा गर्न सफल भएका छौ ।उक्त सफलताको रक्षा गर्दै आगामी बजेट तथा कार्यक्रममा थप कार्यक्रम सञ्चालन गरी समग्र कालिमाटी गाउँपालिकालाई पोषणमैत्री गाउँपालिका बनाउने प्रयास गर्ने छौ।

अन्त्यमा वडा नं. ५ लाई पोषणमैत्री वडा घोषणाको लागि आवश्यक सूचकहरु पुरा गर्न सहयोग पुऱ्याउने जनप्रतिनिधिहरु, विषयगत शाखाका शाखा प्रमुखहरु तथा कार्मचारी, समाजसेवी, बुद्धिजिवी, शिक्षक, राजनीतिक दलका पदाधिकारी साथै उक्त वडालाई पोषणमैत्री वडा घोषण गर्नुपर्छ भन्ने भावनाका साथ काम गर्नुहुने कालिमाटी गाउँपालिका वडा नं. ५ निवासी आम नागरिकमा धन्यवाद दिन चाहन्छु ।साथै आगामी दिनहरुमा समेत सवैको सक्रिय सहभागीताको अपेक्षा गर्दछु ।

सनसिल्ता वली डि.सी
उपाध्यक्ष
कालिमाटी गाउँपालिका

# मन्तव्य

नेपालले आर्थिक, सामाजिक र मानवपुँजी विकासको अवरोधको रुपमा रहेको कुपोषणको न्यूनीकरणको लागि निरन्तर प्रयास गर्दै आइरहेको छ । नेपालको संविधानमा स्वास्थ्य र खाद्य सुरक्षासम्बन्धि हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । दीर्घकालीन सोच (वि.स. २१००) सहितको पन्ध्रौ योजनाले गुणस्तरीय मानव पुँजी निर्माणलाई समृद्धिको सूचकको रुपमा लिएको र उक्त लक्ष्य प्राप्ति गर्न सहयोग पुग्ने गरी बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन गर्ने रणनीति लिएको छ ।साथै नेपालको दिगो विकासको लक्ष्य मार्गचित्र (सन् २०१६-२०३०) ले पनि पोषणलाई विकासको मुख्य आयामको रुपमा समावेश गरेको छ ।राज्यले लिएको लक्ष्यलाई पुरा गर्न बहुक्षेत्रीय पोषण योजना तेस्रो लागु हुदै गर्दाको अवस्थामा कालिमाटी गाउँपालिकाले आफ्ना नीति तथा कार्यक्रमहरु सोही बमोजिम निर्माण गरी कार्यान्वयन गर्दै आएको छ ।पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि २०८० को निर्माण, पोषणमैत्री आचार संहिताको निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

पोषण तथा खाद्य सुरक्षाको क्षेत्रमा हालसम्म प्राप्त भएका उपलब्धिलाई कायम राख्दै पोषणसम्बन्धी राष्ट्रिय लक्ष्य तथा दिगो विकास लक्ष्य सहितका अन्तर्राष्ट्रिय प्रतिवद्धता पुरा गर्न बहुक्षेत्रीय पोषण योजना महत्वपूर्ण रहेको देखिन्छ ।बहुक्षेत्रीय पोषण योजनाले पोषणयुक्त आहारको उपलब्धता, गणस्तरीय पोषण सेवा प्रवाह,पोषणयुक्त व्यवहारको अवलम्बनको लागि खाद्य प्रणाली, स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई तथा स्वच्छता प्रणाली र सामाजिक सुरक्षालाई थप सुदृढ गर्नुपर्ने देखिन्छ । कालिमाटी गाउँपालिकाले पोषणका क्षेत्रमा विगतका बर्षहरु देखि नै आफ्ना नीति कार्यक्रम तथा योजनाहरुमा पोषणलाई उच्च प्राथमिकतामा राखेर काम गर्दै आएको छ । जसलाई हाम्रा विनियोजित योजना तथा कार्यक्रमले पुष्टि गर्दछ ।कालिमाटी गाउँपालिकाले बुहुक्षेत्रीय पोषणको क्षेत्रमा काम गर्दै गर्दा पहिलो चरणमा कालिमाटी गाउँपालिकाको वडा नं. ५ लाई छनौट गरी वडामा यस पालिकाका शाखा तथा उपशाखाहरुबाट चरणबद्ध कार्यक्रमहरु सञ्चालन गरि उक्त वडाको स्वास्थ्य संस्था तथा वडालाई पोषणमैत्री वडा घोषणा गर्न पुरा गर्नुपर्ने सूचकहरु पुरा गर्न कम्मर कसेको अवस्था छ ।

अन्त्यमा वडा नं. ५ लाई पोषणमैत्री वडा घोषणाको लागि आवश्यक सूचकहरु पुरा गर्न जनप्रतिनिधिहरु, विषयगत शाखाका शाखा प्रमुखहरु तथा कार्मचारी, समाजसेवी, बुद्धिजिवी, शिक्षक, राजनीतिक दलका पदाधिकारीको सहयोग र सहकार्य उल्लेखनिय रहेको छ ।पोणणमैत्री वडा घोषणा भए पछि समेत सो को दिगोपनाको लागि सवैको सक्रिय सहभागीताको अपेक्षा गर्दछु ।

धन्यवाद ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत
कालिमाटी गाउँपालिका सल्यान

# मन्तव्य

नेपालको संविधानमा स्वास्थ्य र खाद्य सुरक्षासम्बन्धि हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । दीर्घकालीन सोच (वि.स. २१००) सहितको पन्ध्रौ योजनाले गुणस्तरीय मानव पुँजी निर्माणलाई समृद्धिको सूचकको रुपमा लिएको र उक्त लक्ष्य प्राप्ति गर्न सहयोग पुग्ने गरी बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन गर्ने रणनीति लिएको छ । कुपोषणको न्यूनीकरणको लागि कालिमाटी गाउँपालिकाले निरन्तर प्रयास गर्दै आइरहेको छ । राज्यले लिएको लक्ष्यलाई पुरा गर्न सो क्षेत्रमा कालिमाटी गाउँपालिकाले आफ्ना नीति तथा कार्यक्रमहरु सोही बमोजिम निर्माण गरी कार्यान्वयन गर्दै आएको छ ।

बहुक्षेत्रीय पोषण योजनाले पोषणयुक्त आहारको उपलब्धता, गणस्तरीय पोषण सेवा प्रवाह,पोषणयुक्त व्यवहारको अवलम्बनको लागि खाद्य प्रणाली, स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई तथा स्वच्छता प्रणाली र सामाजिक सुरक्षालाई थप सुदृढ गर्नुपर्ने देखिन्छ । कालिमाटी गाउँपालिकाले पोषणका क्षेत्रमा आफ्ना नीति कार्यक्रम तथा योजनाहरुमा पोषणलाई उच्च प्राथमिकतामा राखेर काम गर्दै आएको छ ।कालिमाटी गाउँपालिकाले बुहुक्षेत्रीय पोषणको क्षेत्रमा काम गर्दै गर्दा पहिलो चरणमा कालिमाटी गाउँपालिकाको वडा नं. ५ लाई छनौट गरी वडामा यस पालिकाका शाखा तथा उपशाखाहरुबाट चरणबद्ध कार्यक्रमहरु सञ्चालन गरि उक्त वडाको स्वास्थ्य संस्था तथा वडालाई पोषणमैत्री वडा घोषणा गर्न पुरा गर्नुपर्ने सूचकहरु पुरा गर्न सफल भएको देखिन्छ ।कालिमाटी गाउँपालिका वडा नं. ५ लाई पोषणमैत्री वडा तथा स्वास्थ्य संस्था घोणा गर्न आवश्यक सूचक पुरा गर्न कालिमाटी गाउँपालिका स्वास्थ्य शाखा र उक्त वडामा रहेको काल्चे स्वास्थ्य चौकीले स्वास्थ्य क्षेत्रका सूचकहरु पुरा गर्न तथा अन्य विषयगत शाखाका सूचकहरु पुरागर्न समन्वय तथा सहकार्य गरी कार्य गरेको छ ।

अन्त्यमा पोषणमैत्री वडा घोषणाको लागि अहम भूमिका खेल्नुहुने जनप्रतिनिधिहरु, विषयगत शाखाका शाखा प्रमुखहरु तथा कार्मचारी, समाजसेवी, बुद्धिजिवी, शिक्षक, राजनीतिक दलका पदाधिकारी सवैमा धन्यवाद दिन चाहान्छु ।

गोरख बहादुर थापा

स्वास्थ्य शाखा प्रमुख

पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिको सचिवालय प्रमुख

## २. गाउँपालिकाको परिचय -

कालिमाटी गाउँपालिका नेपालको कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लामा पर्दछ । भौगोलिक हिसावले ८० डिग्री २० मिनेट देखि ८३ डिग्री २८ मिनेट पूर्वी देशान्तर र २७ डिग्री ३१ मिनेट देखि २७ डिग्री ३७ मिनेट उत्तरी अक्षांशमा अवस्थित रहेको छ। ५००.७२ वर्ग कि मि क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा त्रिवेणी गाउँपालिका र दाङ जिल्ला पश्चिमतिर बर्दिया जिल्ला उत्तरमा बनगाड कुपिण्डे नगरपालिका शारदा नगरपालिका र सुर्खेत जिल्ला र दक्षिणमा बाँके जिल्ला रहेको छ ।

सल्यान जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरुमा विकासका सम्भावना बोकेको गाउँपालिकाको रुपमा कालिमाटी गाउँपालिका रहेको छ तर गाउँपालिकाका विकासका लागि धेरै पूर्वाधारहरुको विकास गर्नुपर्ने देखिन्छ । यसका अतिरिक्त सचेत राजनैनिक दल र उत्प्रेरित गाउँवासी समेत यो गाउँपालिकाको दरिलो अनि दिगो विकासको श्रोतका रुपमा रहेका छन । यस गाउँपालिकामा सामुदायिक र संस्थागत गरी ९ वटा मा वि ५ वटा नि मा वि र ३८ वटा प्रा वि गरी जम्मा ५२ वटा शिक्षण संस्थाहरु संचालित छन साथै संस्थागत विद्यालय ४ वटा रहेका छन। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको बैकल्पिक श्रोतको रुपमा बैदेशिक रोजगारी पनि एक हो । यस गाउँपालिकामा प्राथमिक देखि माध्यामिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरु रहेका छन भने उच्च शिक्षा विकासको लागि नयाँ शिक्षा नीति ल्याउनुपर्ने देखिन्छ । गाउँपालिकामा माध्यामिक सम्मको शिक्षा हासिल गरी उच्च शिक्षा हासिल गर्नको लागि गाउँपालिका भन्दा बाहिर जानुपर्ने अवस्था रहेको छ । यस गाउँपालिकामा विभिन्न जानजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ ।

### २.ग. भौगलिक अवस्थिति (अक्षांश देशान्तर सिमानामा रहेका स्थानीय तह आदी)

सल्यान जिल्लामा अवस्थित ५००.७२ वर्ग कि मी क्षेत्रफल रहेको यस कालिमाटी गाउँपालिकामा समुद्री सतह ४५७ मि देखि २४०० मि को उचाईमा रहेको छ ।भौगोलिक हिसावले यस गाउँपालिका ८० डिग्री २० मिनेट देखि ८३ डिग्री २८ मिनेट पूर्वी देशान्तर र २७ डिग्री ३१ मिनेट देखि २७ डिग्री ३७ मिनेट उत्तरी अक्षांशमा सम्म फैलिएको छ ।यस गाउँपिकाको उत्तरमा वनगाड कुपिण्डे नगरपालिका, शारदा नगरपालिका र सुर्खेत जिल्ला, पश्चिमतिर बर्दिया जिल्ला, पूर्वमा त्रिवेनणी गाउपालिका, दांङ जिल्ला र दक्षिणमा वाँके जिल्ला रहेका छन ।

गाउँपालिकाको केहि भू भाग वेसि छत केहि पहाड र केहि उच्च पहाडी क्षेत्र रहेको छ ।भू आकृतिमा भएको यस फरक अनुसार यस गाउँपालिका लाई तिन क्षेत्रमा विभाजन गर्न सकिन्छ ।

### २.ग.१. बेसी

शारदा नदि तथा बवई नदीले वनाएका फाँटहरुका साथसाथै अन्य स साना खोलाहरुले वनाएको भाग नै यस क्षेत्रमा पर्दछन ।पहाडको फेदमा रहेको खुल्ला समथर खेति योग्य जमिन यस क्षेत्र अन्तर्गत पर्दछन ।भौगर्भिक इतिहासको पहिलो चरणमा निर्मित भूभाग भएको हुँदा यो क्षेत्र कमजोर र भूस्खलनशिल रहेको छ ।यस क्षेत्रमा यस गाउँपालिकाको ४५७ मिटर देखि १००० मिटरको उचाइ रहेको क्षेत्र पर्दछ ।

### २.ग.२. शिवालिक क्षेत्र

यस गाउँपालिकाको अधिकाशं भू भाग शिवालिक क्षेत्रमा पर्दछ ।यहाँको भू भाग पत्रे चट्टान एवं माटो ढुंगाको समिश्रणले भरिएको छ । यस भू भागमा वनजङ्गलको मात्रा अत्यधिक छ ।प्रायः मानव वस्तिको प्रधानता रहेको क्षेत्र हो । समुन्द्री सतहवाट १००० देखी १५०० मिटर सम्मका मोडदार पहाडहरु यस क्षेत्र अन्तरगत पर्दछन ।

### २.ग.३. उच्च पहाडी भू भाग

समुन्द्रि सतहवाट १५०० मिटर देखि २४०० मिटर सम्म उचाई रहेको यो भू भाग कडा चट्टान कठिन धरातलिय स्वरुप भएका कार्ण मानव वस्ति यहाँ कम रहेको छ ।उच्च पहाडी श्रृखलाहरु र झाडी वुट्टयानले यस क्षेत्र लाई ढाकेको छ ।

### २.घ. वडाहरुको क्षेत्रफल र मुख्य मुख्य वस्तिको विवरण

| क्र स | वडा न | क्षेत्रफल वर्ग कि मि | मुख्य वस्तिहरु |
|---|---|---|---|
| १ | १ | ५१.२५ | लक्ष्मिपुर, कोट ,वयाले ,ढुङ्गेकटेरी ,पोखरा, सातरखोला, माघे, धुम्का, सिरखोला, टोट्के, चोथ्रे ,दलपुरे |
| २ | २ | १५३.७१ | निगाले, तारिके, ठुलाखोला ,कटविर ,,वराढुङ्ग, सल्लिकोट, दहखोला, चिसातरा, तोरिवारि, गोठेरी,, जेलेनी, नयावस्ति, टाट्के, भित्रकैने, कुन्ढिक, अमैसोति, दारेढुङ्गा, सेतिखोला, कालाखोला, पाखापानी, भुवनटाकुरा, पैयाँकाडा, वारामपुर, कोछट्टे, खैरिखोला, लिङ्गा, गरगरे ,झिगाने, हल्दे, टाकुरा ,किचेन, खोला, भिरकुना, टोट्के |
| ३ | ३ | ३०.७२ | गोगनपानी, फारुला, माथिल्लोखढोरेनि, जुकेना, ध्वालकाडाँ, सुकिदह, रोक्चा, किमिरे,ड्यालडाडा, साठिघरे, रामपुर, वल्ले, चौडि, माघे, सिमलचोक, अमैचौर, वराचौर, ढोरेनी, मजाउ, अग्रले, राजिगाउ, पुतलिवजार, मर्चेवारी, लामिडाडाँ, राक्से, किचेन, खोला, भित्रिखोला |
| ४ | ४ | ३०.५० | नयावन, सालटाकुरा, तोरिवारी, डिमिरे, छापडाँडा, माथिल्लो, खैरेनी, तल्लो खैरेनि, खारखोली, पिपलनेटा, खारखोली, पिप्ले, घुरचौर, टटली, असुरेनी, डाँडागाउ, माथिल्लोधाम, तल्लोधाम, वतासे, पुरुवाखेत, सुनचौर, लोसे, ज्यामिरे, धानखोरिया |
| ५ | ५ | ११८.५० | काल्चेडाँडा, लेखगाँउ, कोछेनी, वालुवा, जुमखोला, मदुवन, दमदुवाली, हात्तिदमार, |

| | | | |
|---|---|---|---|
| | | | मनिकापुर |
| ६ | ६ | ६१.३४ | काफलनेटी, जलजला, वेसारवारी, सिरेनी, काप्रेचौर, गुरुङगाउ, ओखलढुङ्गा, लेखछरछरे, छरछरे, ज्यामिरे, हात्तिढुङ्गा |
| ७ | ७ | ५४.७० | सल्यानथरी, स्वामिवास, कुसुमतरा, गरगरे, हाउखोला, र्याङ, अम्वास, घुईयावारी, तल्लोवाटुले, माथिल्लो वाटुले |
| **जम्मा** | **७ वडा** | **५००.७२** | |

**३ जनसाङख्यिक विवरण (वडा अनुसार उमेर अनुसार जनसाङख्यिक विवरण)**

३.१ कुल जनसंख्या ५ वर्ष मुनिका वालवालिका र प्रजनन् उमेरका महिलाको संख्या (राष्ट्रिय जनगणना २०७८ बमोजिम)

| क स | वडा नं नाम | ५ वर्ष मुनिका वालवालिका | | १५ देखी ४९ वर्षका महिला | जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | वालक | वालिका | | पुरुष | महिला | जम्मा |
| १ | लक्ष्मिपुर वडा न १ | १८७ | १९५ | १०६२ | १९१५ | १९९४ | ३९०९ |
| २ | सेतिखोला वडा न २ | १८६ | १९८ | १०१५ | १७६३ | १८३५ | ३५९८ |
| ३ | ढोरेनी वडा न ३ | १८१ | १९५ | १११० | १८३२ | १९०६ | ३७३८ |
| ४ | घुरचौर वडा न ४ | १४५ | १५२ | १००० | १७३१ | १८०१ | ३५३२ |
| ५ | वालुवा वडा न ५ | ११० | ११२ | ७५४ | १४४५ | १५०४ | २९४९ |
| ६ | छरछरे वडा न ६ | ९१ | ९५ | ५९४ | १०२७ | १०६८ | २०९५ |
| ७ | र्याङ वडा न ७ | ९७ | ९९ | ६६८ | ११६९ | १२१६ | २३८५ |
| जम्मा | | ९९७ | १०४६ | ६२०३ | १०८८१ | ११३२५ | २२२०६ |

३.२ वडा अनुसार उमेरगत जनसाङख्यिक विवरण (एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली वमोजिम)

| वडा | जिवत जन्मने शिशुको अनुमानित संख्या | १ वर्ष मुनिका वालवालिकाको संख्या | १२ देखी २३ महिना सम्मका वालवालिको संख्या | ० देखी २३ महिनाका वालवालिकाको संख्या | ६ देखी २३ महिनाका वालवालिकाको संख्या | ५वर्ष मुनिनका वालवालिकाको संख्या | ६देखी ५९ महिनाका वावाललालिकाको शांख्या | १२ देखी ५९ महिनाका वालवालिकाको संख्या | १० देखी १९ वर्ष सम्मका किशोर किशोरिको संख्या | १५ देखि ४९ वर्षका महिलाको संख्या | १५ देखी ४९ वर्षका विवाहित महिलाको संख्या | अनुमानित गर्भवति महिलाको संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७८ | ७८ | ७८ | १५६ | ११७ | ३८२ | ३४३ | ३०४ | ८४२ | १०६२ | ८२२ | १२३ |
| २ | ७९ | ७८ | ७९ | १५७ | ११८ | ३८४ | ३४५ | ३०६ | ७२८ | १०१५ | ७९६ | १२४ |
| ३ | ७९ | ७८ | ७८ | १५७ | ११७ | ३७६ | ३३७ | २९८ | ७१२ | ११११० | ८७५ | १२४ |
| ४ | ६१ | ६१ | ६० | १२१ | ९० | २९७ | २६७ | २३६ | ८४९ | १००० | ७७८ | ९७ |
| ५ | ४८ | ४७ | ४६ | ९४ | ७० | २२२ | १९८ | १७५ | ६०७ | ७५४ | ५९० | ७४ |
| ६ | ३९ | ३९ | ३८ | ७६ | ५७ | १८६ | १६६ | १४७ | ४७८ | ५९४ | ४५४ | ६१ |
| ७ | ४३ | ४२ | ४२ | ८४ | ६३ | १९६ | १७५ | १५४ | ५६८ | ६६८ | ५१८ | ६७ |

नोटः वडागत रुपमा विवरण नभएका गाउँपालिकाको एकमुष्ट विवरण राख्ने ।

**श्रोतः स्वास्थ्य मन्त्रालयको दिएको तारगेट अनुसार**

### ३.३ जातिगत आधारमा जनसाङख्यिक विवरण (राष्ट्रिय जनगणना २०७८ वमोजिम ।)

| वडा | जाति वडामा भएका सवै जातजातिको विवरण समावेश गर्ने | जम्मा घरधुरी | जम्मा जनसंख्या | कैफियत |
|---|---|---|---|---|
| १ | क्षेत्री | ७२८ | १५७५ | |
| | मगर | | १०४४ | |
| | विश्वकर्मा | | ४०५ | |
| | सन्यासी दसनामी | | ७५ | |
| | परियार | | १२३ | |
| | व्राह्मन | | ८५ | |
| | मिजार | | ३५ | |
| | कुमाल | | ५२ | |
| | वादी | | १७ | |
| | गुरुङ | | १३ | |
| २ | क्षेत्री | ६७२ | १५५० | |
| | मगर | | ११४० | |
| | विश्वकर्मा | | ३७२ | |
| | सन्यासी दसनामी | | १२८ | |
| | परियार | | ११२ | |
| | व्राह्मन | | ९४ | |
| | मिजार | | ३५ | |
| | कुमाल | | २७ | |
| | वादी | | ४५ | |
| | गुरुङ | | ६० | |
| ३ | क्षेत्री | ८०२ | १७५० | |
| | मगर | | १११० | |
| | विश्वकर्मा | | ३५५ | |
| | सन्यासी दसनामी | | ३३२ | |
| | परियार | | ११२ | |
| | व्राह्मन | | १०८ | |
| | मिजार | | ४६ | |
| | कुमाल | | ३८ | |
| | राजि | | ९ | |
| | गुरुङ | | ११ | |

| | | | | |
|---|---|---|---|---|
| ४ | क्षेत्री | ५८९ | १५५० | |
| | मगर | | ११९८ | |
| | विश्वकर्मा | | २९६ | |
| | सन्यासी दसनामी | | ९८ | |
| | परियार | | ८६ | |
| | ब्राह्मन | | ८१ | |
| | मिजार | | ३५ | |
| | कुमाल | | ३० | |
| | वादी | | १२ | |
| | गुरुङ | | ८ | |
| ५ | क्षेत्री | ५५८ | १०९९ | |
| | मगर | | १३६५ | |
| | विश्वकर्मा | | ३०२ | |
| | सन्यासी दसनामी | | ७४ | |
| | परियार | | ९० | |
| | ब्राह्मन | | ६८ | |
| | मिजार | | २२ | |
| | कुमाल | | २१ | |
| | वादी | | ३२ | |
| | गुरुङ | | १० | |
| | | | | |
| ६ | क्षेत्री | ४९० | ८१२ | |
| | मगर | | १४३६ | |
| | विश्वकर्मा | | ३१२ | |
| | सन्यासी दसनामी | | ४८ | |
| | परियार | | ९८ | |
| | ब्राह्मन | | ५८ | |
| | मिजार | | २६ | |
| | कुमाल | | २५ | |
| | वादी | | ० | |
| | गुरुङ | | ६ | |
| ७ | क्षेत्री | | १२१३ | |
| | मगर | | ९९६ | |

| | | | | |
|---|---|---|---|---|
| | विश्वकर्मा | ५०४ | ३४५ | |
| | सन्यासी दसनामी | | ५२ | |
| | परियार | | १०२ | |
| | व्राह्मन | | ६१ | |
| | मिजार | | २८ | |
| | कुमाल | | १८ | |
| | वादी | | २५ | |
| | गुरुङ | | ९ | |
| | जम्मा | ४३४३ | २३००५ | |

## ४ पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको विवरण

| क्र.स. | नाम थर | समितिको पद | विषयगत क्षेत्र | फोन नं | ईमेल |
|---|---|---|---|---|---|
| १ | दान बहादुर खत्री के.सी | अध्यक्ष | पालिका अध्यक्ष | ९८५७८४४३०३ | |
| २ | सनसिल्ता वली डि.सि | सदस्य | पालिका उपाध्यक्ष | ९८६८६८०३३ | |
| ३ | रविलाल बस्नेत | सदस्य | वडा१ अध्यक्ष | ९८६८६६१५०९ | |
| ४ | इन्द्र बहादुर वली | सदस्य | वडा२ अध्यक्ष | ९८६८६२६५१ | |
| ५ | शिव बहादुर खत्री | सदस्य | वडा३ अध्यक्ष | ९८६०२५४७१९ | |
| ६ | वेल बहादुर चन्द | सदस्य | वडा४ अध्यक्ष | ९८५७८४४५११ | |
| ७ | टोप बहादुर कार्की | सदस्य | वडा५ अध्यक्ष | ९८६६६४५५१६ | |
| ८ | टेकराज पुलामी मगर | सदस्य | वडा६ अध्यक्ष | ९८५७८७८२८३ | |
| ९ | मित्रलाल रिजाल | सदस्य | वडा७ अध्यक्ष | ९८४४८५६१९७ | |
| १० | विष्णु वली राजी | सदस्य | कार्यपालिका सदस्य | ९८४२३३७१५८ | |
| ११ | तिल कुमारी कामी | सदस्य | कार्यपालिका सदस्य | ९८४८६६७६७९ | |
| १२ | सुमित्रा राना | सदस्य | कार्यपालिका सदस्य | ९८४६३४२६७९ | |
| १३ | लक्ष्मी सुनार | सदस्य | कार्यपालिका सदस्य | ९८६८६२८२३७ | |
| १४ | टंकी दमाइ | सदस्य | कार्यपालिका सदस्य | ९८४०५३५०४५ | |
| १५ | डिल्ली कामी | सदस्य | कार्यपालिका सदस्य | ९८६६१६१६१७ | |
| १६ | जयराम घर्ति | सदस्य | अधिकृत छैठौ | ९८६६८२९३५२ | |
| १७ | यज्ञ बहादुर खत्री | सदस्य | अधिकृत छैठौ | 9848129024 | |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | वुद्धि बहादुर वली | सदस्य | अधिकृत छैठौ | 9857844726 | |
| १९ | गोरख बहादुर थापा | सदस्य | सि अहेव छैठौ | 9857844720 | |
| २० | भरत कुमार चन्द | सदस्य | शिक्षा अधिकृत | 9849215562 | |
| २१ | बिष्णु भण्डारी | सदस्य | सूचना प्रविधि अधिकृत | 9857823601 | |
| २२ | एकलाल राना | सदस्य | लेखा सहायक पाँचौ तह | 9864941836 | |
| २३ | टेक बहादुर विश्वकर्मा | सदस्य | प.स्वा.प्रा | 9865848449 | |
| २४ | दिप बहादुर वली | सदस्य | एम.आई.एस.अपरेटर | 9849030220 | |
| २५ | रितु केसी तिमल्सेना | सदस्य | स.म.वि.नि. | 9867969977 | |
| २६ | सन्तोस सिंह | सदस्य | खा.पा.स.टे | ९८४८२८७२२१ | |
| २७ | मोतिलाल वली | सदस्य | पोषण सहजकर्ता | 9868705203 | |
| २८ | गोविन्द खड्का | सदस्य | फिल्ड सहायक | ९८४७९७९६४४ | |
| २९ | कृष्ण प्रसाद पौड्याल | सदस्य सचिप | प्रमुख प्रशासकीय अधिकृत | 9857844300 | |

## ५ पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको क्रियाशीलता सम्वन्धी विवरण

### ५.१ समितिको क्रियाशीलता

| | |
|---|---|
| निर्देशक समिति गठन भएको मिति | २०७८।०३।०२ |
| समितिको वैठक वस्ने पटक | मासिक/ द्धैमासिक /चौमासिक खुलाउने ........चौमासिक |
| समिति गठन भएको मिति देखी हालसम्म वसेको समितिको बैठक संख्या | २०७८।०३।०२ देखी हालसम्म ९ वटा वैठक वसेको |

### ५.२ वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा समन्वय समितिको क्रियाशीलता

| वडा न | पहिलो वैठक वसेको मिति | समिति गठन भएको मिति देखि हालसम्म वसेको समितिको बैठक संख्या | बैठक बस्ने गरेको (समयावधि मासिक, द्धैमासिक, चौमासिक खुलाउने) | |
|---|---|---|---|---|
| १ | २०७८।०३।०९ | ४ | अर्धबार्षिक रुपमा बस्ने गरेको | |
| २ | २०७८।०३।०५ | ४ | | |
| ३ | २०७८।०३।०५ | ४ | | |
| ४ | २०७८।०३।०६ | ४ | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०७८।०३।०६ | ४ | | |
| ६ | २०७८।०३।११ | ४ | | |
| ७ | २०७८।०३।१० | ४ | | |

### ५.३ गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा सचिवालय

| | |
|---|---|
| सचिवालय क्रियाशिल भएको मिति | २०८१।०२।०९ |
| सचिवालयको जिम्मेवारी तोकीएको पदाधिकारी फोकल पर्सन को विवरण | नामः गोरख वहादुर थापा पदः सि अ हे व छैठौ<br>सम्वन्धित शाखाः स्वास्थ्य शाखा प्रमुख<br>फोन नः९८४७८४४७२० ईमेलः gorakhthapa3@gmail.com |
| पोषण सहजकर्ताको विवरण | नामः मोतिलाल वली पदः पोषण सहजकर्ता<br>फोनः ९८६८७०५२०३ ईमेलः olimsk38@gmail.com |
| | |

### ६ विषयगत शाखामा उपल्ध्ध जनशक्ति विवरण।

| क स | शाखा | शाखामा कार्यरत कर्मचारी संख्या | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य | ३ | गोरख वहादुर थापा, सुर्यकिरण वली, मोतिलाल वली |
| २ | कृषि | २ | वुद्धि वहादुर वली , दिपिका खड्का |
| ३ | पशु सेवा | २ | टेक वहादुर विश्वकर्मा, ओपेन्द्र डाँगी |
| ४ | म वा तथा जे | १ | रितु के सी तिमेल्सेना |
| ५ | खा पा | १ | सन्तोष सिंह |
| ६ | शिक्षा | २ | भरत कुमार चंन्द , सुनिता महतरा |
| ७ | योजना | २ | जयराम घर्ति , विजय वली |
| ८ | सामाजिक विकाश शाखा छुट्टै भएमा | | |

### ७ स्थानीय तहले तयार गरेको पोषणसंग सम्वन्धित नीतिगत दस्तावेजहरु

| क स | दस्तावेज (निति, रणनीती, कार्यविधि, निर्देशिका, आदी) | स्वीकृत मिति | लागु हुने समयावधि |
|---|---|---|---|
| १ | पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि, २०८० | २०८०।१२।२९ | स्वीकृत भएको मिति देखी |

## ८ पोषणमैत्री स्थानीय शासन

| विवरण | | |
|---|---|---|
| पोषणमैत्री शासन अवलम्वन गर्ने निर्णय भएको मिति भएमा | २०७८।०३।०२ | सुरु भएको मिति |
| पोषणमैत्री स्थानिय शासन सम्वन्धी सामूहिक प्रतिवद्धतामा गरिएको मिति | २०७९।१२।२९ | सोहि मिति देखी |
| पोषणमैत्री वडा घोषणा भएका वडाहरु भएमा | वडा न ५ | हुने अन्तिम चरणमा |
| पोषणमैत्री स्थानिय शासन कार्यान्वयन सम्वन्धी अन्य विवरण उल्लेख गर्ने | | |

## ९ वहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयनको अवस्था

### कः बजेट तथा कार्यक्रम सम्वन्धी विवरण

| | |
|---|---|
| कार्यक्रम कार्यान्वयन शुरु भएको आर्थिक वर्ष | २०७७।०७८ |
| कार्यक्रमको लागि प्राप्त अनुदान गत आ व सम्म | |
| कार्यक्रमको लागि स्थानीय तहवाट विनियोजन भएको वजेट गत आ व सम्मको | २८००००० |
| कार्यक्रमको कुल खर्च गत आ व सम्म | १०३०९५८८ |
| गत आ व सम्म प्रदेश सरकारवाट प्राप्त अनुदान | ३००००० |
| गत आ व सम्म प्रदेश सरकारवाट प्राप्त रकम मध्य खर्च गरेको रकम | ३००००० |
| गत आ व सम्म नेपाल सरकार वाट पोषण संग सम्वन्धित कामको लागि विशेष अनुदान प्राप्त गरे नगरेको | |
| नेपाल सरकार वाट विशेष अनुदान प्राप्त गरेको भए प्राप्त भएको रकम | |
| नेपाल सरकार वाट प्राप्त विशेष अनुदान मध्य खर्च रकम | |
| प्रदेश सरकार वाट विशेष अनुदान प्राप्त गरेको भए प्राप्त भएको रकम | |
| प्रदेश सरकारवाट प्राप्त विशेष अनुदान मध्य खर्च रकम | |

### खः बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गतका विशेष कार्यक्रमको उपलधी

| क स | विवरण | लक्षित कार्यक्रम | | मुख्य उपलव्धी |
|---|---|---|---|---|
| १ | पोषण सुधारको लागी विद्यालय खानेपानी योजनाको लागि वजेट प्राप्त गरि योजना कार्यान्वयन गरेका विद्यालयको विवरण | १ विद्यालयको नाम र ठेगाना | श्री ने रा मावि घुईयावारी वडा न ७ | खानेपानी र शौचालय वनाएको |

| | | | | |
|---|---|---|---|---|
| २ | सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि अनुदान सम्वन्धी विवरण | १ समुह वा सहकारी को नाम र ठेगाना | कालिमाटी आयआर्जन महिला स सं ली वडा न २ | वाख्रापालन गरी आयआर्जनमा वृदि |
| | | २ समुह वा सहकारी को नाम र ठेगाना | प्रगति महिला कृषि स सं लि वडा ७ सल्यान | वाख्रापालन गरी आयआर्जनमा वृदि |

**ग पोषणसँग सम्बन्धित क्षमता विकास**

| विवरण | उपलब्धि | कैफियत |
|---|---|---|
| बहुक्षेत्रिय पोषण योजना तेस्रो सम्बन्धि अभिमुखीकरण प्रप्त मानव संसाधन | पालिकाको पोषण तथा खाद्य सुरक्षा समिति लगाएते अनुशिक्षन लिएको । | |
| पोषणमैत्री स्थानीय शासन सम्बन्धि प्रशिक्षक/प्रशिक्षण लिएका मानव संसाधनको सङख्या | गोरख वहादुर थापा १ | |
| पोषणमैत्री स्थानिय शासन सम्बन्धि अभिमुखीकरण लिएका मानव संसाधनको संख्या | ४० | |
| वृहत पोषण विशेष कार्यक्रम सम्बन्धी तालिम प्रप्त स्वास्थ्यकर्मिको संख्या | १३ | |
| मातृशिशुमैत्री अभियान (Mother and baby friendly hospital initiative) अन्तर्गत अभिमुखीकरण प्राप्त स्वास्थ्यकर्मिको संख्या | १४ | |
| आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रि वितरण नियन्त्रण) ऐन २०४९ बमोजिम सचेतना अभिबृद्धि सम्बन्धी तालिम लिएका जनशक्तिको संख्या | ४ | |
| अन्य क्षमता विकास कार्यक्रम भए खुलाउने | | |

**१० पोषण क्षेत्रका काम गर्ने विकास साझेदार र सञ्चालि कार्यक्रम।**

| क.स | साझेदार संस्थाको नाम | कार्यक्रम संचालन हुने अविधि | कार्यक्रम संचालन हुने वडाहरु | मुख्य क्रियाकलापहरु | कार्यक्रमको बजेट (परियोजना अवधिको) | आ.ब......को प्रस्तावित बजेट |
|---|---|---|---|---|---|---|
| विकाश साझेदान नभएको | | | | | | |

११ पोषण तथा स्वास्थ्य अवस्था।

| क.स | विवरण | जम्मा | अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | कडा शीघ्र कुपोषित (SAM) | मध्यम शीघ्र कुपोषित (MAM) | सामान्य | |
| १ | कुपोषण पहिचान गर्न स्क्रिनिङ गरिएका ६-५९ महिनाका बालबालिकाको संख्या | १२७४ | २ | २४ | १२४८ | |
| २ | शीघ्र कुपोषित बालबालिकाको कुल संख्या स्क्रिनिङ र नियमित चेकजाँच बाट पहिचान भएको कुल संख्या उल्लेख गर्ने | २६ | २ | २४ | ० | |
| ३ | शिघ्र कुपोषित बालबालिका मध्य निको हुनेको प्रतिशत | ८३ | ८३ | ० | ० | |
| | | जम्मा | बहिरगं उपचार केन्द्र | अन्तरगं उपचार केन्द्र | पोषण पुर्नस्थापना केन्द्र | कैफियत |
| ४ | कडा शिघ्र कुपोषित बालबालिका मध्य प्रेषण गरिएकाको संख्या | ६ | ५ | १ | ० | |
| | | लक्ष्य | उपलब्धि | | | |
| ५ | आ.ब ०८०।०८१ मा बृद्धि अनुगमन गरिएका ०-२३ महिना सम्मका बालबालिका सङख्या | ८४३ | ४९७७ | | | |
| ६ | ०-२३ महिना सम्मका बालबालिकाको औषत बृद्धि अनुगमन | २४ | १४.७ | | | |

| सि.न | विवरण | अवस्था |
|---|---|---|
| १ | बालबालिकामा पुर्ण खोप कभरेजको अवस्था (प्रतिशत) (DPT/HepB/Hib3)% | ७१.४ |
| २ | तग आ.व.मा स्वासप्रश्वास (निमोनिया)को संक्रमण देखिएका बिरामिको संख्या | ६४ |
| ३ | जिवित जन्ममा संस्थागत सुत्केरी हुनेहरुको प्रतिशत | २९ |

१२ वडा अनुसार स्वास्थ्य संस्थाको विवरण।

| क्र.स | स्वास्थ्य संस्थाको नाम (अस्पताल,प्रथामिक, आधारभुत स्वास्थ्य केन्द्र स्वास्थ्य चौकी स्वास्थ्य इकाई आयुर्वेद केन्द्र गाउँ घर किल्निक, खोप केन्द्र नर्सिग होम, स्वास्थ्य किल्निक अन्य) | स्वास्थ्य संस्थाको प्रकार (सरकारी, निजि, सहकारी तथा अन्य) | संस्था रहेको स्थान (वडा र बस्ती) | वडा पहुँच क्षेत्र (कुन कुन वडालाई सेवा प्रदान गर्दछ) | घरघुरी पहुँच क्षेत्र | लाभान्वित जनसङख्या | बहिरंग स्वास्थ्य केन्द्र भए नभएको |
|---|---|---|---|---|---|---|---|
| | स्वास्थ्य चौकी रामपुर | सरकारी | वडा नं ३ रमपुर | वडा नं २,३, | ६४२ | २९९१ | भएको |
| | स्वास्थ्य चौकी काल्चे | सरकारी | वडा नं ५वालुवा | वडा न ५ | ३४१ | १७७० | भएको |
| | स्वास्थ्य चौकी लक्ष्मीपुर | सरकारी | वडा न१लक्ष्मिपुर | | ४८७ | २६०७ | भएको |
| | स्वास्थ्य चौकी काप्रेचौर | सरकारी | वडा न ७ घुईयावारी | वडा न ७ | ५०४ | २३८५ | भएको |
| | आ.स्वा.के. सेतीखोला | सरकारी | वडा न२ सेतिखोला | वडा न २ | ६७२ | ३५९८ | |
| | आ.स्वा.के. पिप्ले | सरकारी | वडान ४ पिप्ले | वडा न ४ | ५८९ | ३५३२ | |
| | आ.स्वा.के. छरछरे | सरकारी | वडा न ६ छरछरे | वडा न ६ | ४९० | २०९५ | |
| | सा.स्वा.ई. टोड्के | सरकारी | वडान १ टोड्के | वडा न १ | २४१ | १३०२ | |
| | सा.स्वा.ई. जुगेना | सरकारी | वडा न ३ जुगेना | वडा न ३ | १६० | ७४७ | |
| | सा.स्वा.ई. दमदुवाली | निजि | वडा न ५ दमदुवाली | वडा न ५ | २१७ | ११७९ | |

## १३ शैक्षिक अवस्था

१३.१ पालिकाको साक्षरता प्रतिशत ७७.५७ प्रतिसत पुरुषः ८५.६
महिलाः ६९.९

१३.२ विध्यालय खुद भर्ना दर

क. आधारभुत तह (कक्षा १ देखी कक्षा ८ सम्म)

ख. माध्यमिक तह (कक्षा ९ देखी कक्षा १२ सम्म)

१३.३ विद्यालय छोड्ने प्रतिशत

१३.४ विद्यालय जाने उमेर समुहका बाहिर रहेको बालबालिका सङख्या

१३.५ स्थानिय तह भित्र रहेका विद्यालय तथा शैक्षिक संस्थाहरुको विवरण

**क. विद्यालयको विवरण**

| क्र. स | विद्यालय तथा शैक्षिक संस्थाको नाम | विद्यालय तथा शैक्षिक संस्थाको प्रकार (प्रारम्भिक बालबिकास केन्द्र, आधारभुत ,मा.वि.क्याम्पस प्रविधिक शिक्षालय) | स्वामित्वको आधार( सरकारी निजी, सरकारी र अन्य) | विद्यालय तथा शैक्षिक संस्था रहेको स्थान | विद्यार्थि सङख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | छात्रा | छात्र | जम्मा |
| १ | श्री त्रिभूवन जनता मा वि पोखारा | मा वि १-१२ | सरकारी | लक्ष्मीपुर पोखरा | २८८ | ३०९ | ५९७ |
| २ | जन विकास आ वि चोथ्थ्रे | आ वि | सरकारी | चोथ्रे | ७ | ७ | १४ |
| ३ | ज्ञानमाला प्रा वि टोटावाझ | प्रा वि | सरकारी | टोटाबाझ | ७७ | ७६ | १५३ |
| ४ | कालिमा आ वि झिरघाट | आ वि | सरकारी | झिरघट | २२ | २८ | ५० |
| ५ | कालिदेवी प्रा वि सातलखोला | आ वि | सरकारी | सातलखोला | ११ | ११ | २२ |
| ६ | लक्ष्मि प्रा वि धुम्का | प्रा वि | सरकारी | धुम्का | १४ | ८ | २२ |
| ७ | सामुदायीक जनता प्रा वि | प्रा वि | सरकारी | काफ्ली | ६ | १३ | १९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | काफ्ली | | | | | | |
| ८ | कालिका प्रा वि हिगौंरे | प्रा वि | सरकारी | हिगौंरे | ९ | ९ | १८ |
| ९ | कालिका प्रा वि डाँडासिरखोला | प्रा वि | सरकारी | डाँडासिरखोला | ४ | ६ | १० |
| १० | शक्ति कमलाक्षी भगवती प्रा वि | प्रा वि | सरकारी | | २५ | १९ | ४४ |
| ११ | ने रा प्रा वि कोटवयाले | प्रा वि | सरकारी | कोटवयाले | १४ | ६ | २० |
| १२ | सिर्जनशील मा वि झिगाने | मा वि | सरकारी | झिगाने | १७१ | १७७ | ३४८ |
| १३ | नेपाल रा प्रा वि कालाखोला | प्रा वि | सरकारी | कालाखोला | १५ | ८ | २३ |
| १४ | जनप्रिय आ वि टाट्के | आ वि | सरकारी | टाट्के | २३ | २३ | ४६ |
| १५ | ने रा प्रा वि भुवनटाकुरी | प्रा वि | सरकारी | भुवनटाकुरी | ६ | ८ | १४ |
| १६ | सुर्योदय आ वि दहटाकुरा | आ वि | सरकारी | दहटाकुरा | २९ | १७ | ४६ |
| १७ | ने रा आ वि कोछट्टे | आ वि | सरकारी | कोछट्टे | ९ | १५ | २४ |
| १८ | देउराली आ वि वराढुङ्गा | आ वि | सरकारी | वराढङ्गा | ४६ | ४२ | ८८ |
| १९ | खड्कदेवी दलित आ वि हल्दे | आ वि | सरकारी | हल्दे | १४ | १५ | २९ |
| २० | ने रा आ वि तारेके | आ वि | सरकारी | तारीके | ७ | ५ | १२ |
| २१ | ने रा आ वि ढोरेनी | आ वि | सरकारी | ढोरेनी | १४७ | १४४ | २९१ |
| २२ | सरस्वति आ वि फारुला | आ वि | सरकारी | फारुला | ७३ | ५२ | १२५ |
| २३ | शारदा आ वि | आ वि | सरकारी | मर्चेवारी | १६ | २८ | ४४ |
| २४ | जनता आ वि किमिरे | आ वि | सरकारी | किमिरे | ८ | १० | १८ |
| २५ | जनता आ वि | आ वि | सरकारी | जुगेना | ४३ | २९ | ७२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जुगेना | | | | | | |
| २६ | जनता प्रा वि सुकिदह | प्रा वि | सरकारी | सुकिदह | ७ | ८ | १५ |
| २७ | सृजना आ वि बल्ले | आ वि | सरकारी | बल्ले | ९ | १० | १९ |
| २८ | जनसेवा मा वि धाम | मा वि | सरकारी | धाम | १२८ | १८१ | ३०९ |
| २९ | अन्तराष्ट्रिय युवा वर्ष | प्रा वि | सरकारी | | ११ | ४ | १५ |
| ३० | ज्ञान ज्योती मा वि सुकेताल | मा वि | सरकारी | सुकेताल | १४२ | १४५ | २८७ |
| ३१ | शारदा दलित आ वि ठाकुरसम्म | प्रा वि | सरकारी | ठाकुरसम्म | ४८ | ३८ | ८६ |
| ३२ | जनचेतना आ वि छापडाँडा | आ वि | सरकारी | छापडाँडा | १७ | १२ | २९ |
| ३३ | ने रा आ वि घुरचौर | आ वि | सरकारी | घुरचौर | २५ | ३२ | ५७ |
| ३४ | इन्द्र आ वि सुनचौर | आ वि | सरकारी | सुनचौर | ४२ | ४४ | ८६ |
| ३५ | जनता मा वि दमदुवाली | मा वि | सरकारी | दमदुवाली | ८६ | १११ | १९७ |
| ३६ | सरस्वति आ वि सिमलपाखा | आ वि | सरकारी | सिमलपाखा | ९२ | ८० | १७२ |
| ३७ | लक्ष्मी आ वि वालुवा | मा वि | सरकारी | वालुवा | १४८ | ८० | २२८ |
| ३८ | जनजागृति आ वि हात्तिदमार | आ वि | सरकारी | हात्तिदमार | १७ | २६ | ४३ |
| ३९ | ने रा आ वि धारापानी | आ वि | सरकारी | धारापानी | १३ | २९ | ३२ |
| ४० | ने रा आ वि काल्चेडाडा | आ वि | सरकारी | काल्चेडाँडा | ३१ | ३० | ६१ |
| ४१ | ने रा मा वि काफलगैरी | मा वि | सरकारी | काफलगैरी | ११५ | १०७ | २२२ |
| ४२ | प्रभात आ वि जलजला | आ वि | सरकारी | जलजला | ९९ | ९६ | १९५ |
| ४३ | ने रा आ वि | आ वि | सरकारी | सितलपुर | २२ | १८ | ४० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सितलपुर | | | | | | |
| ४४ | ने रा आ वि ज्यामिरे | आ वि | सरकारी | ज्यामिरे | ८ | १३ | २१ |
| ४५ | कैलाश आ व चिउरीडाँडा | आ वि | सरकारी | चिउरिडाँडा | ६ | ७ | १३ |
| ४६ | ने रा मा वि घुईयावारी | मा वि | सरकारी | घुईयावारी | २०७ | २०९ | ४१६ |
| ४७ | शारदा आ वि र्याङ | आ वि | सरकारी | र्याङ | ३४ | १९ | ५३ |
| ४८ | गणेश आ वि स्वामीवास | आ वि | सरकारी | स्वामिवास | ४९ | ४० | ८९ |
| ४९ | मनकामना आ वि आमवास | आ वि | सरकारी | आमवास | १ | १ | २ |
| ५० | दलित प्रा वि वाटुले | प्रा वि | सरकारी | वाटुले | ४ | ८ | १२ |
| ५१ | बबई वाल विकाश केन्द्र | वालविकास | सरकारी | | ९ | ८ | १७ |
| ५२ | शारदा जनकल्यान मा वि रामपुर | मा वि | सरकारी | कालिमाटी ३ रामपुर | ५३० | ४३७ | ९६७ |

### ख. विद्यालय पोषणसँग सम्बन्धित विवरण

| क्र. स | विद्यालय तथा शैक्षिक संस्थाको नाम | विद्यालयमा करेसावारी भएनभएको | खानेपानी सेवा उपलब्धताको श्रोत | | विद्यालयमा सुरक्षित शौचालयको अवस्था (साधारण चर्पि,ढल सँग जोडिएको फ्ल्यास चर्पि, सेप्टी ट्याङ्कि सँग जोडियको फ्लस चर्पि के छ खुलाउने) | विद्यालयमा छात्राहरुको लागी छुट्टै शौचालय भए नभएको | बाल मैत्री हात धुने स्थानको व्यबस्था भए नभएको | वास (WASH) कर्नर भए नभएको | किशोरिहरुको लागी आईरन चक्कि वतरण हुने गरेको छ छैन | विद्यालयमा पोषणसँग सम्बन्धित सम्बन्धित अतिरिक्त क्रियाकलापहरु हुने गरेको छ छैन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | श्रोत (चौपाकल, धारा,कुवा के हो खुलाउने) | उपलब्धता २४ सै घण्टा वा कति समय हो खुलाउने | | | | | | |

१४ खानेपानी तथा सरसफाईको अवस्था।

| क.स | वडा नं | घरधुरी संख्या | आधारभुत तहको खानेपानी सुविधा उपलब्ध भएको घरधुरी सङख्या | सुरक्षित रुपले व्यवस्थित खानेपानी सुविधा उपलब्ध भएको घरधुरी सङख्या | शौचालय भएको घरधुरी सङख्या | सार्वजनिक शौचालय भएका स्थानहरु |
|---|---|---|---|---|---|---|
| १ | लक्ष्मिपुर वडा न १ | ७२८ | | | ७२८ | |
| २ | सेतिखोला वडा न २ | ६७२ | | | ६७२ | |
| ३ | ढोरेनी वडा न ३ | ८०२ | | | ८०२ | |
| ४ | घुरचौर वडा न ४ | ५८९ | | | ५८९ | |
| ५ | वालुवा वडा न ५ | ५५८ | ५५८ | ५५८ | ५५८ | छैन |
| ६ | छरछरे वडा न ६ | ४९० | | | ४९० | |
| ७ | र्याङ वडा न ७ | ५०४ | | | ५०४ | |

१५ कृषि विकासको अवस्था।

| क.स | सेवा केन्द्र तथा समुहका नाम | रहेको स्थान | वडा कभरेज | घरधुरी कभरेज | लाभन्वित जनसङख्या |
|---|---|---|---|---|---|
| | कृषि सेवा केन्द्र | वडा नं ३ ढोरेनी | १,२,३ | २२०२ | ११२४५ |
| | कृषि सेवा केन्द्र | वडा नं ५ वालुवा | ४,५,६ | १६३७ | ८५७६ |

१६ पशुपन्छि विकासको अवस्था।

| क.स | सेवा केन्द्र तथा समुहको नाम | रहेको स्थान | वडा कभरेज | घरधुरी कभरेज | लाभन्वित जनसङख्या |
|---|---|---|---|---|---|
| | | | | | |

१७ खाद्य सुरक्षाको आधारमा तुलनात्मक रुपमा वढि जोखिम भएको वडा तथा बस्थी (अनुसार)

| क्र.स | वडा नं | बस्तिको नाम |
|---|---|---|
| १ | लक्ष्मिपुर वडा न १ | कोट ,वयाले ,सातरखोला, धुम्का, चोथ्रे |
| २ | सेतिखोला वडा न २ | निगाले, तारिके, भुवनटाकुरा, पैयाँकाडा, वारामपुर, कोछट्टे, लिङ्गा, गरगरे,भिरकुना, टोट्के |
| ३ | ढोरेनी वडा न ३ | गोगनपानी, किमिरे,ड्यालडाडा, साठिघरे, रामपुर, |
| ४ | घुरचौर वडा न ४ | नयावन, सालटाकुरा, तोरिवारी, डिमिरे, छापडाँडा, माथिल्लो |
| ५ | वालुवा वडा न ५ | लेखगाँउ, जुमखोला, मदुवन, हात्तिदमार |
| ६ | छरछरे वडा न ६ | काफलनेटी, जलजला, वेगुरुङगाउ, ओखलढुङ्गा, लेखछरछरे, छरछरे, ज्यामिरे,हात्तिढुङ्गा |
| ७ | र्याङ वडा न ७ | हाउखोला, र्याङ, अम्वास, घुईयावारी |

नोटः सबैभन्दा बढी जोखिम भएको बस्तिलाई १ नं मा राखि बढि जोखिमको क्रमानुसार लेख्ने।

१८ पोषण सुधारको लागी प्राथमिकतामा राख्नुपर्ने बस्तिहरु (निर्देशक समितिबाट निर्णय भए अनुसार)

| क्र.स | बस्ति | वडा नं | प्रथमिकताको कारण |
|---|---|---|---|
| | | | |
| | | | |

१९ पोषण मैत्री स्थानीय शासन घोषणाका लागि निर्धारण भएका सुचकहरुमा वडा/गाउँपालिकाको अवस्था

| क्रस. | सुचक नं. | सूचकहरू | घोषणको अवस्था |
|---|---|---|---|
| | | **स्वास्थ्य** | |
| १ | १.१ | पोषणमैत्री स्वास्थ्य संस्थाको प्रतिशत | १०० |
| | | **शासकिय प्रबन्ध क्षेत्रका सूचकहरू** | |
| २ | २.१ | गाउँ/नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकको संख्या | २ |
| ३ | २.२ | वडास्तरीय पोषण तथा खाद्य सुरक्षा सहजिकरण समितिको बैठकको संख्या | २ |
| ४ | २.३ | स्थानीय तहको आवधिक योजना तथा वार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजना अनुसारका कार्यक्रम समावेश | भएको |
| ५ | २.४ | गाउँ/नगरपालिकाले अनुदान तथा आन्तरिक आयबाट पोषण कार्यक्रमका लागि बजेट विनियोजन | भएको |
| ६ | २.५ | पोषण सम्बन्धि कार्यक्रमको समन्वय र सहजीकरण गर्न बहुक्षेत्रीय पोषण योजनाले गरेको व्यवस्था बमोजिमको सचिवालयको क्रियाशिलता | गरेको |
| ७ | २.६ | स्थानीय तहको पोषण पाश्वचित्र तयार गरी नियमित अद्यावधिक | भएको |
| ८ | २.७ | स्थानीय तहमा पोषण कर्नरको स्थापना | भएको |
| ९ | २.८ | गाउँ/नगर कार्यापालिकामा छुट्टै स्तनपान कक्षको व्यवस्था | भएको |
| १० | २.९ | स्थानीय विपद व्यवस्थापन योजनामा विपद पूर्व र विपद पश्चात गरिने पोषण केन्द्रित पूर्व तयारीको योजना समावेश | भएको |
| ११ | २.१० | बाल पोषण भत्ता वितरणको समयमा बालपोषणको महत्व र उच्चतम सदुपयोग सम्बन्धि सचेतना अभिमुखीकरण पाउने अभिभावकको प्रतिशत | ९१ |
| | | **शिक्षा क्षेत्रका सूचकहरू** | |
| १२ | ३.१ | चार वर्ष उमेर पुगेका बालबालिका मध्ये प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका बालबालिकाको प्रतिशत | १०० |
| १३ | ३.२ | प्रारम्भिक बालविकास केन्द्रमा भएका सहजकर्ताहरु मध्ये पोषण सम्बन्धि अभिमुखीकरण तालिम प्राप्त गरेका सहजकर्ताको प्रतिशत | १०० |
| १४ | ३.३ | आधारभूत शिक्षा १ देखि ८ सम्म पुरा गर्ने बालबालिकाको प्रतिशत | १०० |

| | | | |
|---|---|---|---|
| १५ | ३.४ | स्थानीय तहले बनाएको स्थानीय पाठ्यक्रममा पोषण तथा बाल अधिकार सम्बन्धि विषय समावेश | भएको |
| १६ | ३.५ | विद्यालय दिवा खाजामा स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खाद्यवस्तुको प्रयोग गर्ने विद्यालयको प्रतिशत | ९५ |
| १७ | ३.६ | विद्यालय व्यवस्थापन समिति अभिभावक शिक्षक विद्यार्थी लगायत सरोकारवालाको सहभागितामा पोषण दिवस/सप्ताह मनाउने विद्यालयको प्रतिशत | ९० |
| | | **खानेपानी तथा सरसफाइ क्षेत्र** | |
| १८ | ४.१ | आधारभुत तहको खानेपानीको सुविधा भएको घरधुरी | १०० |
| १९ | ४.२ | आधारभूत सरसफाई सेवा उपलब्ध भएका घरधुरीको प्रतिशत | १०० |
| २० | ४.३ | शौचालय गएपछि बालबालिकाको दिसा धोएपछि खाना खानु अघि वालवालिकालाई दुध खुवाउनु अघि फोहर चलाएपछि सावुन पानीले हात धुने परपाटीको विकास भएको घरधुरीको प्रतिशत | १०० |
| २१ | ४.४ | आधारभूत खानेपानी सेवा उपलब्ध भएका संस्थाको प्रतिशत | १०० |
| २२ | ४.५ | आधारभूत सरसफाई सेवा उपलब्ध भएका संस्थाको प्रतिशत | १०० |
| | | **कृषि विकास क्षेत्र** | |
| २३ | ५.१ | करेसाबारी भएका घरधुरी मध्ये सागसब्जी तरकारी तथा फलफूल उत्पादन गरेका घरपरिवारको प्रतिशत | १०० |
| २४ | ५.२ | अन्न सागसब्जी गेडागुडी फलफूल लगायतका खानाको नियमित उपभोग गर्ने घरधुरीको प्रतिशत | ८५ |
| २५ | ५.३ | स्थानीयस्तरमा पाईने रैथाने वाली प्रवर्द्धन सम्बन्धि कार्यक्रम | भएको |
| २६ | ५.४ | खाद्य स्वच्छता र गुणस्तर परीक्षणको Food Hygiene and quality बजार अनुगमन भएको पटक बार्षिक | ३ |
| | | **पशुपञ्छी विकास क्षेत्र** | |
| २७ | ६.१ | व्यवस्थित पशुपंक्षी पालन गरी उपभोग गर्ने कृषक घरपरिवारको प्रतिशत | ९० |
| २८ | ६.२ | दुधजन्य पदार्थहरु (दूध, दही, पनीर, चीज(, अण्डा मासुजन्य (माछा, मासु, पन्छी( नियमित उपभोग गर्ने घरपरिवार | १०० |
| २९ | ६.३ | पशुजन्य खाद्यवस्तु प्रतिव्यक्ति बार्षिक दुध ९१ लि मासु १४ केजी अण्डा १५० वटा उपलब्धता भएको परिवारको प्रतिशत | ९० |
| | | **महिला, बालबालिका क्षेत्र** | |
| ३० | ७.१ | न्यायिक समिति प्रहरी एकद्धार संकट व्यवस्थापन केन्द्रमा दर्ता भएका लैङ्गिक हिंसाका घटना मध्ये फछ्र्यौट भएका घटनाको प्रतिशत | १०० |
| ३१ | ७.२ | महिनावारी हुँदा स्वास्थ्य र सुरक्षाको दृष्टिकोणले जोखिमयुक्त स्थानमा राख्ने घरधुरी प्रतिशत | ० |

| | | | |
|---|---|---|---|
| ३२ | ७.३ | २० वर्ष उमेर नपुग्दै बच्चा जन्माउने महिलाको संख्या | ० |
| ३३ | ७.४ | सुनौला हजार दिनका घरपरिवारका सासु/बुहारी वा श्रीमान श्रीमती विच पोषण सम्बन्धि अनुशिक्षण भएका वडाको प्रतिशत | १०० |
| ३४ | ७.५ | वडामा गठन भएका युवा बालसंजालका सदस्यलाई पोषण सम्बन्धि अभिमुखीकरण गरिएका वडाको प्रतिशत | १०० |

## २० पोषण मैत्री स्वास्थ्य संस्थाका सुचकको अवस्था

| सुचक नं | सूचक | अवस्था | अंक | हालको प्रगती | प्रस अंक |
|---|---|---|---|---|---|
| १ | गर्भवती महिलाले कम्तिमा ८ पटक पूर्व प्रस्तुती जाँच गरेको प्रतिशत | ९० | १ | ९३.७ | १ |
| | | ८०-९० | ०.५ | | |
| | | ८० | ० | | |
| २ | गर्भवती महिलाले कम्तिमा ३ पटक उत्तर उत्तर प्रस्ती जाँच गरेको प्रतिशत | ९० | १ | ९५.८ | १ |
| | | ८०-९० | ०.५ | | |
| | | ८० | ० | | |
| ३ | गर्भवती महिलाले गर्भ अवधिभर १८० चक्की आइरन फोलिक एसिड चक्की खाएको प्रतिशत | ९० | १ | ९३.७ | १ |
| | | ८०-९० | ०.५ | | |
| | | ८० | ० | | |
| ४ | स्वास्थ्य संस्थामा सुत्केरी गराएका महिलाहरुको प्रतिशत | ९० | १ | १०० | १ |
| | | ८०-९० | ०.५ | | |
| | | ८० | ० | | |
| ५ | स्वास्थ्य संस्थामा जन्म भएका बालबालिका मध्ये जन्मेको १ घण्टाभित्र स्तनपान सुरुवात गर्ने शिशुको प्रतिशत | ९० | १ | १०० | १ |
| | | ८०-९० | ०.५ | | |
| | | ८० | ० | | |
| ६ | ६ देखि ५९ महिनाका बालबालिकाले वर्षमा दुई पटक जुकाको औषधी पाएको प्रतिशत | ९० | १ | ९३.९ | १ |
| | | ८०-९० | ०.५ | | |
| | | ८० | ० | | |
| ७ | १२ देखि ५९ महिनाका बालबालिकाहरुले वर्षमा दुई पटक भिटामिन ए क्याप्सुल पाएको प्रतिशत | ९० | १ | ९३.७ | १ |
| | | ८०-९० | ०.५ | | |
| | | ८० | ० | | |
| ८ | २४ महिनासम्मका बालबालिकाले नियमित वृद्धि अनुगमन गरेको औसत पटक | १८ | १ | १९.९ | १ |
| | | १५-१८ | ०.५ | | |
| | | १८ | ० | | |
| ९ | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये ६ महिनापश्चात स्तनपानका साथै समयमै थप खानाको सुरुवात गरेको प्रतिशत | ९० | १ | ९७.३ | १ |
| | | ८०-९० | ०.५ | | |
| | | ८० | ० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये ६ महिनापश्चात स्तनपानका साथै समयमै थप खानाको सुरुवात गरेको प्रतिशत | ९० | १ | १८० | १ |
| | | ८०-९० | ०.५ | | |
| | | ८० | ० | | |
| ११ | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये कम तौल भएका बालबालिकाको | ५ | १ | ० | १ |
| | | ५-१० | ०.५ | | |
| | | १० | ० | | |
| १२ | कम तौलका शिशुको जन्म प्रतिशत | ५ | १ | ० | १ |
| | | ५-१० | ०.५ | | |
| | | १० | ० | | |
| १३ | पूर्ण खोपयुक्त स्वास्थ्य संस्था भएको | भएको | १ | भएको | १ |
| | | नभएको | ० | | |
| १४ | पूर्ण मात्रामा १८० स्याचेट बालभिटा पाएका बालबालिकाको प्रतिशत | ९० | १ | ० | ० |
| | | ८०-९० | ०.५ | | |
| | | ८० | ० | | |
| १५ | बालबालिकालाई झाडा पखाला लागेको बेला जिङ्क चक्की र पुर्नजलीय झोल खुवाउने गरेको प्रतिशत | ९० | १ | १०० | १ |
| | | ८०-९० | ०.५ | | |
| | | ८० | ० | | |
| १६ | २६ हप्तासम्म आइरन फोलिक एसिड चक्की पाएका किशोरीको प्रतिशत | ९० | १ | ९३ | १ |
| | | ८०-९० | ०.५ | | |
| | | ८० | ० | | |

*कालिमाटी गउँपालिकाको पोषण मैत्री स्थानिय शासन वडा तथा पालिका घोषणा कार्यविधि २०८० को अनुसूची ३ को नोटमा उल्लेख छ।*

<u>अनुसूची ७</u>

पोषण सुधारको सामुहिक प्रतिबद्धता पत्र

# कालिमाटी गाँउपालिका

सल्यान, कर्णाली प्रदेश, नेपाल

पोषण तथा खाद्य सुरक्षा नेपाल

## पोषण सुधारको लागि सामुहिक प्रतिवद्धता

२०७९ चैत्र १९ गते ।

नेपालमा मातृ शिशु पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार, संयुक्त राष्ट्र संघीय निकायहरू, विकास साझेदारहरू, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरूबाट २०६९ साल असोज ४ गते प्रतिवद्धताको घोषणा पत्रमा हस्ताक्षर गर्दै बहुक्षेत्रीय पोषण योजना २०६९।०७०/२०७९।२०८० कार्यान्वयन भईरहेको छ । नेपालले सन् २०३० सम्ममा कुपोषणलाई अन्त्य गर्ने अन्तराष्ट्रिय प्रतिवद्धता व्यक्त गरेको छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीयतहका अधिकारहरु स्पष्टरुपमा उल्लेख भएका छन । आज बहुक्षेत्रीय पोषण कार्यक्रमको सफल कार्यन्वयनको कर्तव्य हाम्रो भएको छ । आज मिति २०७९ चैत्र १९ गते गते यस कालिमाटी गाँउपालिकाका निर्वाचित पदाधिकारीहरु र अन्य सरोकारवालाहरु हामी बहुक्षेत्रीय पोषण योजनाको अभिमुखिकरणमा उपस्थित भई निम्नानुसारका क्रियाकलापहरुको पूर्ण रुपमा कार्यान्वयन गरी हाम्रो पालिकामा यस बहुक्षेत्रीय पोषण योजना सफल सञ्चालन गर्ने प्रतिवद्धता जाहेर गर्दछौं ।

<u>**प्रतिवद्धताः**</u>

१. सबै बालबालिकालाई अनिवार्य विद्यालय जाने वातावरण सृजनागरि गुणस्तरीय शिक्षाको व्यवस्था गर्नेछौं ।
२. निशुल्क तथा गुणस्तरीय उपचारका लागि प्रत्येक वडामा स्वास्थ्य संस्था स्थापना गरी गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चता गर्नेछौं ।
३. ३५ दिन भित्र जन्मदर्ता गर्न आउने सुत्केरी आमालाई पोषण भत्ता तथा सुत्केरी प्रोत्साहन रकम प्रदान गर्नेछौं ।
४. सुरक्षित खानेपानी र सरसफाई व्यवस्था सुनिश्चित गर्नेछौं ।
५. विभिन्न तहमा भएका प्रतिवद्धता, कार्ययोजना र समन्वय संयन्त्र सहित कार्यान्वयनको सुनिश्चितताका लागि सहयोगी निकायबाट प्राप्त सहयोगलाई समेत मूलप्रवाहीकरण गर्दै प्रभावकारी अनुगमन गर्न अघि बढ्नेछौं ।
६. सवै स्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको क्रमश सुनिश्चितता गर्नेछौं ।
७. बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयनका लागि आगामी आ. ब. बाट बार्षिक उपलब्ध आन्तरीक स्रोतका साथै प्राप्त अनुदानको निश्चित रकम लगानी गर्नेछौ ।
८. यो योजना सञ्चालन गर्न संघीय, प्रादेशिक, अन्य स्थानीय तह लगायत विकास साझेदार एवंम् सरोकार निकायसग सार्थक समन्वय गर्नेछौं ।
९. समाजमा बिद्यमान कुरुती जस्तैः बालबिबाह र छुवाछुत जस्ता संस्कार र बिकृती अन्त्यका लागि ठोस नियम बनाई कार्यान्वयन गर्नेछौ।
१०. एक घर, एक करेसाबारी निर्माण अभियान संचालन गर्नेछौ ।
११. आगामी आ.व.वाट सुनौला हजार दिनका महिलाहरुको लागि पालिकाको कोसेली कार्यक्रमका लागि बजेट बृद्धि गरी कार्यक्रम संचालन गर्नेछौ ।
१२. **स्वस्थ, सफा र पोषण मैत्री घर, गाउ टोल र वडा अभियान सञ्चालन गर्दै आगामी ४ बर्ष भित्र यस कालिमाटी गाउँपालिकालाई पोषण मैत्री स्थानीय शासन घोषणा उन्मुख गर्नेछौं ।**

| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |
|---|---|---|

वडा अध्यक्षहरु

अन्य सरोकारवालाहरु

**स्वस्थ,सुखी र समृद्ध परिवार, हाम्रो सरोकार । प्रभावकारी बहुक्षेत्रीय पोषण सेवा, जनताको अधिकार ।।**

अनुसूची ८

# पोखरा प्रतिवद्धता

## पोषण सम्बन्धी पोखरा प्रतिवद्धता २०७३

२०७३ पौष २८ र २९ गते पोखरामा आयोजना गरिएको राष्ट्रिय पोषण गोष्ठीमा उपस्थित स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागका सम्वद्ध पदाधिकारीहरु, ५ वटै क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशकहरु, ७५ वटै जिल्लाका स्वास्थ्य/जनस्वास्थ्य कार्यालयका प्रमुख तथा पोषण सम्पर्क व्यक्तिहरु, संयूक्त राष्ट्र संघीय निकाय एवम् विकास साझेदार संस्था तथा नागरिक समाजका प्रतिनिधिहरुले सामूहिक रुपमा हामी गुणस्तरिय पोषण सेवालाई स्थानीय तहसम्म सर्वव्यापि पहुँचमा पुऱ्याउदै दिगो विकासका लक्ष्यहरु हासिल गर्न प्रतिवद्ध छौ ।

नेपाली जनता विशेषत: मातृ, शिशु तथा बाल्यकालीन पोषण स्थितिमा सुधार ल्याउन २००४ मा राष्ट्रिय पोषण नीति तथा रणनीति कार्यान्वयनमा आए सँगै नेपाल सरकारबाट स्विकृत बहुक्षेत्रीय पोषण योजना २०६९-२०७३, राष्ट्रिय स्वास्थ्य नीति २०७१, नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०७२-२०७७ तथा Scaling Up Nutrition, World Health Assembly 2012 लगायतका अन्तराष्ट्रिय प्रतिबद्धताहरु कार्यान्वयनमा रहेका छन् । सोही बहुक्षेत्रीय प्रतिवद्धतालाई मनन् गर्दै राष्ट्रिय योजना आयोगको नेतृत्वमा स्वास्थ्यसँग सम्बन्धित पोषण योजनाहरुलाई स्वास्थ्य मन्त्रालयले आफ्ना कार्यक्रमहरु बिभिन्न तहगत संरचना मार्फत सकृयतापूर्वक कार्यान्वयन गरिरहेको सन्दर्भमा ती कार्यक्रमहरुलाई क्रमबद्ध रुपमा अघि बढाउन र बिभिन्न तहमा पोषणका सन्दर्भमा साझा बुझाई कायम गरी दिगो विकास लक्ष्य सहित अन्य घोषित लक्ष्यमा पुग्नका लागि आधार तय गर्न निम्न अनुसारका प्रतिवद्धता जाहेर गर्दछौं ।

१. राष्ट्रिय पोषण गोष्ठी, पोखराको मूल मन्त्र *"स्वस्थ सुखी र समृद्ध परिवार हाम्रो सरोकार, प्रभावकारी बहुक्षेत्रीय पोषण सेवा जनताको अधिकार"* लाई मुर्त रुप दिन आ-आफ्नो कार्य क्षेत्रबाट प्रतिबद्ध छौ ।

२. राष्ट्रिय योजना आयोगको संयोजन तथा समन्वयमा लागु भइरहेको बहुक्षेत्रीय पोषण योजनालाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि स्वास्थ्य मन्त्रालयले पोषण क्षेत्रमा सशक्त प्राविधिक नेतृत्व प्रदान गर्ने ।

३. संघीय संरचनामा मुलुक उन्मुख भइरहेको परिप्रेक्ष्यंमा पोषणको महत्वलाई दृष्टिगत गर्दै तत्पश्चात हुने संगठनात्मक ढाँचामा केन्द्र, प्रदेश तथा स्थानीय तहहरुमा पोषणलाई समावेश गरी पोषणको मूल प्रवाहिकरण गर्ने ।

४. यसै आर्थिक बर्ष भित्र नेपालका ७५ जिल्लाहरुमा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयमा पोषण अधिकृतहरुको व्यवस्था प्रारम्भ गरी साथै हरेक स्वास्थ्य संस्थाहरुमा पोषण सम्पर्क व्यक्ति तोकि पोषणसम्बद्ध कार्यक्रमहरुलाई प्रभावकारी ढंगले लक्षित समुदायसम्म पुऱ्याउने ।

५. बहुक्षेत्रीय पोषण योजनाको दस्तावेजमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगत राष्ट्रिय पोषण केन्द्र स्थापना गर्ने प्रावधान रहेको र सो बिषयमा तत्कालीन मन्त्रिपरिषदबाट निर्णय समेत भइसकेको सन्दर्भमा मुलुक संघीय ढाँचामा रुपान्तरण भइसकेको हुदा संघीय तहमा नै पोषण सम्वन्धी एउटा सशक्त निकायको स्थापना गर्न तुरुन्तै पहल गर्ने ।

६. बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरे अनुसारका स्वास्थ्य सम्वन्धी पोषण सेवाहरुलाई स्थानीय तहसम्म समावेशि र समतामूलक सिद्धान्त अनुरुप विस्तार गर्ने । यसै आर्थिक बर्षबाट कुपोषण र खाद्य असुरक्षाको दृष्टिले अति प्रभावित जिल्लाहरुमा कुपोषण उपचार तथा व्यवस्थापन सहितको एकिकृत पोषण कार्यक्रम सञ्चालन गर्ने ।

७. आगामी आर्थिक बर्ष देखि पोषण सम्वन्धी छुट्टै बजेट कोड स्थापना गरी श्रोतको परिचालन गर्न सम्वन्धित निकायहरुसँग पहल गर्ने ।

८. विकास साझेदारहरुको सहयोग र योगदान प्राप्तिको ढाँचामा एकरुपता ल्याइ राष्ट्रिय पोषण प्रारुप अन्तरगत एकद्वार प्रणाली अपनाइ पोषण क्षेत्रका कार्यक्रमहरुलाई पूर्णता दिन (Complete coverage) सुनिश्चित गर्ने ।

९. क्षेत्र तथा जिल्ला तहमा उपलब्ध साधन तथा श्रोतको समन्वयात्मक रुपमा अधिकतम परिचालन गरी नतिजामूलक उपलब्धी हासिल गर्ने ।

१०. स्थानीय तहमा उपलब्ध श्रोत र साधनलाई उच्चतम सदुपयोग गर्ने गरी पूर्ण पोषणयूक्त घर, गाउ, जिल्ला अभियान सञ्चालन गर्नको लागि यसै आर्थिक बर्ष भित्र कार्यविधि तयार पारी अभियान घोषणा गर्ने ।